राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३२ २०८२ भदौ ४ गते बुधवार (20 Aug. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ हो : मन्त्री लेखी




दैनिक समाचारदाता
महोत्तरी ३ भदौ । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले 'सूचनाको हक' लाई शासकीय पारदर्शिता र लोकतन्त्रको आधारस्तम्भ भएको बताएका छन् ।

मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयले मङ्गलबार बर्दिबासमा आयोजना गरेको 'सूचनाको हक कार्यान्वयनको अवस्था' विषयक अन्तर्क्रिया कार्यक्रममा मन्त्री लेखीले सूचनाको हक प्रभावकारी रूपमा कार्यान्वयन भए मात्र लोकतन्त्र सुदृढ हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सुशासनको परिकल्पनालाई मूर्त रूप दिन, सभ्य समाज निर्माण गर्न र लोकतन्त्रको अनुभूति गराउन गाउँ-टोलसम्म आम नागरिक सूचनाको हकबारे सुसूचित हुनैपर्छ ।"

मन्त्री लेखीका अनुसार पारदर्शिता लोकतन्त्रको मेरुदण्ड हो र यसले जनतासम्म राज्यका सेवा-सुविधाको पहुँच पुऱ्याउन मद्दत गर्छ। उहाँले जनतालाई सूचनाको अधिकारबारे अनभिज्ञ रहँदा विकास निर्माणका कामप्रति प्रश्नचिह्न खडा हुने बताउनुभयो ।

सूचनाको हक र लोकतन्त्र एक अर्काका पूरक रहेको उल्लेख गर्दै मन्त्री लेखीले सरकारी निकायमा अभिलेख व्यवस्थापनको कमजोरी कार्यान्वयनको मुख्य चुनौती भएको बताए । उहाँले भने, "तीनै तहका जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, सुरक्षा निकाय र न्यायपालिका जिम्मेवार नबनेसम्म सूचनाको हक कार्यान्वयन हुन सक्दैन ।"

साथै, उहाँले सूचनाको हकलाई जनतासम्म पुऱ्याउने महत्वपूर्ण दायित्व सञ्चारकर्मीको हुने स्पष्ट पार्दै, केही 'कपिपेस्ट पत्रकारिता' र अल्छिपनाले पत्रकारिताको विश्वसनीयता घटेकोतर्फ ध्यानाकर्षण गराउनुभयो ।

यसअघि गोरखापत्र संस्थान मधेश प्रदेश संयोजक धर्वेन्द्र झाले राज्यको उदासीनताले सूचनाको हक प्रयोगमा अवरोध सिर्जना गरेको उल्लेख गर्दै सार्वजनिक सूचनामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभयो ।

## खडेरीसँग जुध्ने उपाय
# चुरे क्षेत्रमा चेक ड्याम निर्माणको तयारी

दैनिक समाचारदाता
जनकपुरधाम, ३ भदौ । धनुषाको मिथिला नगरपालिकाका जनप्रतिनिधि तथा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यान्वयन एकाइ ढल्केबरका प्राविधिक टोलीले मंगलबार मिथिला नगरपालिकाभित्र पर्ने चुरे क्षेत्रमा स्थलगत अवलोकन गरेका छन् । उक्त अवलोकनको उद्देश्य चुरेबाट बगेर खेर गइरहेको पानीलाई रोक्ने र भूमिगत जलस्रोतलाई पुनःभरण गर्ने उपाय खोज्ने रहेको छ ।

कार्यान्वयन एकाइका प्रमुख प्रेमीप्रसाद साहले लामो खडेरीका कारण यस वर्ष तराई क्षेत्रमा भूमिगत पानीको सतह तल झरेको बताउनुभयो । उहाँका अनुसार यसले चापाकल, इनार र सानो ट्युबवेलमार्फत पानी निकाल्न कठिन भएको छ, जसको प्रत्यक्ष असर कृषि सिँचाइमा परेको छ । यस्तो परिस्थितिलाई ध्यानमा राखी औरही र बसही खोलाको मुहान क्षेत्रमा प्राविधिक अवलोकन गरिएको उहाँले जानकारी दिनुभयो ।



प्रमुख साहले भौगोलिक र प्राविधिक दृष्टिले उपयुक्त स्थानमा चेक ड्याम निर्माण गर्न सकिने सम्भावना रहेको बताए । उहाँले भन्नुभयो, "यदि चुरे क्षेत्रमा चेक ड्यामलगायत संरचना निर्माण गरी वर्षाको पानी रोक्न सकियो भने जमिनमुनि पुनःभरण हुन्छ, जसले भूमिगत पानीको सतह माथि ल्याउनेछ र दीर्घकालीन रूपमा पानीको समस्या समाधान गर्न सकिन्छ ।" यसका लागि वन मन्त्रालय र विज्ञ समूहको थप अध्ययन आवश्यक रहेको उहाँको भनाइ छ ।यसैगरी, मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले पनि वर्षाको पानीलाई चुरे क्षेत्रमा रोक्ने प्रयासलाई प्राथमिकतामा राखिएको बताए । उहाँले पालिकाको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै भन्नुभयो, "चुरेबाट उत्पत्ति भएका खोलामा चेक ड्याम निर्माण गर्न सकियो भने हाल देखिएको भूमिगत पानीको सङ्कटमा सुधार आउनेछ ।"

कार्यान्वयन एकाइका प्राविधिक रामईश्वर साहले औरही खोलामा चार र बसही खोलामा दुई स्थानमा प्रारम्भिक रूपमा चेक ड्याम निर्माणका लागि सम्भावित ठाउँ पहिचान गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार थप अध्ययनपछि प्राविधिक हिसाबले उपयुक्त स्थान चयन गरी निर्माण प्रक्रिया अघि बढाइनेछ ।

स्थानीय सरोकारवालाहरूका अनुसार चुरे क्षेत्रमा हरेक वर्ष ठूलो मात्रामा वर्षाको पानी खेर जाने गरेको छ । यदि सो पानीलाई उपयुक्त संरचनामार्फत रोक्न सकियो भने भूमिगत जलस्रोत पुनःभरण हुने र किसानलाई सिँचाइमा राहत पुग्ने अपेक्षा गरिएको छ ।

योजनाको सफल कार्यान्वयन भएमा धनुषा लगायत मधेशका अन्य जिल्लामा समेत बढ्दो जलस्रोत संकट समाधान हुने आशा गरिएको छ ।

## बलात्कार आरोपमा प्रहरी इन्चार्ज पक्राउ

दैनिक समाचारदाता
कञ्चनपुर, ३ भदौ । कञ्चनपुरमा जबरजस्ती करणी गरेको आरोपमा नगर प्रहरी इन्चार्ज पक्राउ परेका छन् । पक्राउ पर्नेमा भीमदत्त नगरपालिकामा कार्यरत नगर प्रहरी सहायक निरीक्षक (असइ) सुरेन्द्र बोहरा रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका अनुसार गत साउन ३० गते ३२ वर्षीया एक महिलाले बोहराविरुद्ध जबरजस्ती करणीको जाहेरी दिनुभएको थियो ।

सोही जाहेरीका आधारमा नगर प्रहरी इन्चार्ज बोहरालाई नियन्त्रणमा लिएर अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सागर बोहराले बताउनुभयो ।

## जसपा नेपालका तीन सांसदसहित १८ जनाभन्दा बढी नेता कार्यकर्ता प्रहरी नियन्त्रणमा

दैनिक समाचारदाता
काठमाडौँ ३ भदौ । नेपाल समाजवादी पार्टी नेपालका तीन सांसदलाई प्रहरीले नियन्त्रणमा लिएको छ । मंगलबार बबरमहलबाट जसपा नेपालले गौर हत्याकाण्डको विषयलाई लिएर मसाल जुलुस निकालेको थियो ।

सोही अवस्थामा जसपा नेपालका प्रदेश सांसद एवं प्रवक्ता मनिष सुमन सहित तीनजना सांसद र १८ जनाभन्दा बढी नेता कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएको हो । मधेस प्रदेश सांसद किरन साह, लुम्बिनी प्रदेश सांसद अम्बिका काफ्ले समेतलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।



पूर्व मधेस प्रदेश सांसद विक्की यादव,पूर्व सांसद शशि कपुर मिया,समाजवादी महिला सङ्घकी केन्द्रीय अध्यक्ष निर्मला यादव,समाजवादी युवा सङ्गठनका महासचिव दिलिप पटेल,उपमहासचिव रेनु राज सिंह,सचिव मनिष यादव पनि प्रहरी नियन्त्रणमा छन् । यस्तै समाजवादी विद्यार्थी युनियनका केन्द्रीय अध्यक्ष मनिष यादव,केन्द्रीय सस्य बबी सिंहलाई पनि प्रहरीले नियन्त्रणमा लिएको जसपा नेपाका नेता महेश चौरसियाले बताए ।

२०६३ साल चैत ७ गते रौतहटको गौरमा तत्कालीन मधेसी जनअधिकार फोरम र माओवादी(निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाबिच भएको झडपमा माओवादी पक्षका २७ जनाको हत्या भएको थियो ।

सो घटनामा पीडितले प्रहरी अनुसन्धान अघि नबढाएपछि सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

सोमबार न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालय रौतहटलाई छानबिन अघि बढाउन परमादेश जारी गरेको हो । यससँगै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव अनुसन्धानमा तानिने भएका छन् । यद्यपि उनले आफू अनुसन्धानमा सघाउन तयार रहेको बताएका छन् ।

## मानव बेचबिखन अपराध हो ।

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# तरकारीमा बढ्दो निर्भरता र आत्मनिर्भरताको चुनौती

नेपाली समाजको दैनिक जीवनसँग गासिएको भान्सामा आवश्यक पर्ने हरियो तरकारी अझै पनि देशमै पर्याप्त मात्रामा उत्पादन हुन सकेको छैन। विशेषगरी मधेश प्रदेशका धनुषा र महोत्तरीजस्ता कृषियोग्य क्षेत्रहरूबाट अपेक्षित मात्रामा उत्पादन हुन नसक्दा नेपाली उपभोक्ताले दैनिक आवश्यकता पूरा गर्न विदेशी, विशेषतः भारतीय तरकारीमा निर्भर रहनुपर्ने बाध्यता छ।

भिठामोड नाकाबाट मात्रै आर्थिक वर्ष २०८१/८२ मा ३३ हजार ८८७ मेट्रिक टन हरियो तरकारी नेपाल आयात भएको तथ्याङ्कले यसतर्फ संकेत गर्छ। जसको मूल्य करिब ७५ करोड रुपैयाँभन्दा बढी रहेको छ। काउली, बन्दाकोपीदेखि गोलभेडा, भण्टा, करेला, परवललगायत करिब २० प्रकारका तरकारी भारतबाट नेपाल भित्रिएको तथ्याङ्क उपभोक्ताको भान्सा बाहिरी उत्पादनले भरिँदै गएको यथार्थ हो।

यद्यपि, यसरी आयातित तरकारीले बजारमा उपभोक्ताको तत्कालीन माग पूरा गरेको छ। तर यसको अर्को पक्ष पनि छ– स्थानीय किसानलाई हाशिएमा धकेल्नु। किसानहरूको गुनासो छ, आफ्नै खेतमा लगानी, मेहनत र पसिनाले उत्पादन गरिएका तरकारी बजारमा पुर्याउँदा पनि मूल्य र माग अनुसार सम्मान पाउन सकिरहेका छैनन्। आयातित तरकारीसँग प्रतिस्पर्धा गर्न नसक्दा उनीहरू निराश बन्दै गएका छन्। यसले कृषकलाई मात्र निरुत्साहित गरेको छैन, मुलुकको व्यापार घाटा पनि बढाउँदै लगेको छ।

कृषि विज्ञहरूको मतमा, आत्मनिर्भर बन्नुको आधार स्थानीय उत्पादनलाई प्राथमिकता दिनु हो। तर नेपालमा नीतिगत समर्थन, बीउ-बिजन, मलखाद, आधुनिक सिंचाइ सुविधा, भण्डारण र बजार व्यवस्थापन अझै कमजोर छन्। फलस्वरूप किसानले उत्पादन गरे पनि लामो समयसम्म सुरक्षित राख्न सक्दैनन्, बजारसम्म प्रभावकारी ढंगले पुऱ्याउन सक्दैनन्। परिणामस्वरूप किसानको उत्पादन भन्दा आयातित तरकारी बजारमा हावी भइरहेका छन्।

नेपाललाई कृषिप्रधान देश भनिए पनि आधारभूत उपभोग्य वस्तुका लागि विदेशी बजारमा निर्भर रहनु विडम्बनापूर्ण हो। कृषि नीतिलाई कागजमै सीमित नगरी कार्यान्वयन तहसम्म पुऱ्याउन सकिए मात्र तरकारीजस्ता दैनिक उपभोग्य वस्तुमा आत्मनिर्भर बन्न सकिन्छ। सरकारले किसानलाई उत्पादन वृद्धिमा प्रोत्साहन गर्न, सहुलियत प्रदान गर्न र संरचनागत सुधारमा गम्भीर पहल लिनुपर्ने समय आएको छ।

स्थानीय उत्पादनलाई संरक्षण गरेर मात्र देश आत्मनिर्भर बन्न सक्छ। विदेशी आयातले उपभोक्ताको माग तत्काल पुरा गराए पनि दीर्घकालीन दृष्टिमा यसले कृषिलाई कमजोर पार्नेछ। त्यसैले आजैदेखि किसानलाई बलियो बनाउनेतर्फ ध्यान दिनु नै मुलुकको दिगो भविष्यको आधार हुनेछ।

# 'जहाँ गर्मी भुल्न आउँछन् तराईवासी'

तराईमा यतिबेला उखरमाउलो गर्मी छ। सिन्धुलीमा शीतलताको कमी छैन। नीलो आकाशको छानोमुनि उभिँदा सेतो बादलको घुम्टाले ढपक्कै ढाक्छ यहाँ। गर्मीयाम बिर्साउने हुस्सुले पनि साथ छोड्दैन।

तराई क्षेत्रबाट बिपी राजमार्ग हुँदै सिन्धुली प्रवेश गर्ने तराईवासीलाई करकरेको रसिलो भुइँकटहरले स्वागत गर्दछ। सिन्धुलीको सदरमुकाम, माढीबजारबाट १० किलोमिटर दक्षिणतर्फ पर्ने कमलामाई नगरपालिका-८ करकरेलाई भुइँकटहरको पकेट क्षेत्र मानिन्छ। यहाँको स्वादिलो कटहरले मात्रै होइन, प्रकृतिले पनि स्वर्गीय सन्तुष्टि प्रदान गर्दछ।



सडक छेउमा स्थानीय व्यापारीले राखेका कटहरको सुगन्धले बिपी राजमार्गका यात्रुहरुलाई हतारमा भए पनि केही क्षण रोकिन बाध्य पार्छ। मिठासले भरिएको कटहर चाख्दै कतिपयले कोसेलीका रूपमा लिएर जाने गर्दछन्। माढी बजारबाट बिपी राजमार्ग हुँदै उत्तरतर्फ लाग्दा भिन्नै मौसमको अनुभव हुन्छ। माढी बजारबाट १६ किलोमिटर अगाडि बढेपछि सिन्धुलीगढी पुगिन्छ। जहाँ गर्मीयाममा पनि शीतलहर चल्छ। चियाबारीबाट अगाडि बढेपछि देखिने प्राकृतिक मनोरम दृश्य र सडक छेउका स्थानीय उत्पादनको मिठासले सबैलाई मोहित बनाउँछ। यही कारण भारतदेखि तराईसम्मका पर्यटक यहाँ घुम्न आउँछन्।

सिन्धुलीको शीतल वातावरणले गर्मीमा तापिएका तराईवासीलाई मात्रै होइन, यहाँका स्थानीय नागरिकलाई पनि राहत दिन्छ। वर्षभरि ओसिलो र सिमसार देखिने सिन्धुलीगढी क्षेत्रको महत्व गर्मीयाममा झनै बढ्छ। माढीबजार क्षेत्र गर्मीले तात्दा गढी क्षेत्र हुस्सुले छोपिन्छ। बिहान-बेलुका त जाडो नै महसुस हुन्छ। भारतको विहारबाट परिवारसहित घुम्न आएका शीतल भगतलाई यहाँको मौसमले प्रफुल्लित बनायो। "हाम्रो विहारमा अहिले गर्मीको तापले हैरान छौँ, पङ्खाले पनि राहत दिँदैन। यहाँ त चिसो महसुस भयो," उहाँले हाँस्दै सुनाउनुभयो।

भगतको परिवार बिहानै भारत-नेपाल सीमा नाकाबाट सवारी चढेर बिपी राजमार्ग हुँदै कमलामाई नगरपालिका-३ मा अवस्थित ऐतिहासिक, धार्मिक, प्राकृतिक र पर्यटकीयस्थल सिन्धुलीगढीको यात्रामा निस्किएको थियो। उहाँसहितको नौ जनाको परिवारले जिल्लाका विभिन्न मनमोहक ठाउँमा रोकिँदै चियानास्ता, फलफूल खाँदै, सामूहिक तस्बिर खिच्दै चेर यात्रालाई अगाडि बढाए।

सिन्धुलीगढी पुगेको थियो। ऐतिहासिक सिन्धुलीगढीको डाँडामा बसेर टाढासम्म फैलिएको दृश्य नियाल्दाको चरम आनन्द उहाँले शब्दमा व्यक्त गर्नै सक्नुभएन। "हाम्रोतिर चर्को घाम लाग्ने हुँदा दिउँसोको समयमा हिँड्डुल गर्न कठिन छ। तर यहाँ आइपुग्दा निकै शीतलता महसुस भयो। हरियाली जङ्गल सुन्दर वातावरणले रोमाञ्चक बनायो," उहाँले भन्नुभयो।

सिन्धुलीगढी क्षेत्र प्राकृतिक सुन्दर दृश्य र शीतलताका लागि मात्रै नभई ऐतिहासिक महत्वका कारण पनि पर्यटकको रोजाइमा पर्दछ। यहाँ ब्रिटिस सेनालाई गोर्खाली फौजले पराजित गरेको गौरवमय वीरता समेटिएको छ। सानो गढी, पौवागढी, तोप हान्ने प्वाल, ऐतिहासिक इनार, जेलघर, रानी दरबार र युद्ध सङ्ग्रहालयले यहाँको गौरव झल्काउँछ। सिद्धबाबा मन्दिरले धार्मिक आस्था बढाउँछ। अग्लो पहाड र हरियाली जङ्गलको बीचमा रहेको यो गढीमा पुगेपछि जो कोहीलाई आनन्द र शान्तिको अनुभूति हुने गर्छ।

जनकपुरधाम उपमहानगरपालिका-१३ का कैलाशकुमार राउतलाई पनि सिन्धुली घुम्दाको अनुभव अविस्मरणीय लाग्यो। उहाँले भन्नुभयो, "यहाँ घुम्दा मनै मोहित भयो। तराईमा यहाँजस्तो वृक्ष छैन। अहिले बस्नै नसक्ने गर्मी छ। तराईमा पनि यस्तै हरियाली वातावरण होस् भन्ने इच्छा धेरै छ।" दैनिक जिल्लामा कति सङ्ख्यामा पर्यटक भित्रिन्छन्, यसको तथ्याङ्क कुनै निकायसँग छैन। तर, भगत र राउत जसरी आउने पर्यटक यहाँको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सौन्दर्यताको प्रशंसा गर्दै फर्किन्छन्।

त्यसैले त सिन्धुलीका सडक छेउ स्थानीय उत्पादनको बिक्रीस्थलका रूपमा पनि विकसित हुँदै गएका छन्। गढीडाँडा, सोलाभञ्ज्याङ, खनियाखर्कमा पुगेका पर्यटक अकबरे खुर्सानी, नून, लसुन र टिमुर मिसाएर तयार गरिएको स्थानीय अचारसँग हरियो काँक्रोको लामो चिरा चपाएर स्वाद लिन्छन्। कतिपय भुइँकटहर र नास्पातीको मिठासमा हराउँछन्। कोही मोबाइलमा यहाँको सौन्दर्यता कैद गर्न व्यस्त हुन्छन्।

सिन्धुलीको गढी क्षेत्र मात्रै होइन्, जिल्लाको नौवटै पालिकामा पर्यटकीय सम्भावना प्रचुर छ। वरिपरि हरियाली वनजङ्गलले घेरिएको, चराचुरुङ्गीहरुको मधुर स्वर, निर्मल जल र जलमै फुलेका कमलका फूल–यी सबैले ऐतिहासिक तथा धार्मिक 'पञ्चकन्या पोखरी' क्षेत्रको सौन्दर्य अझ अनुपम बनाएको छ।

प्रकृतिसँग रमाउन चाहने पर्यटकका लागि यो ठाउँ सदरमुकाम सिन्धुलीमाढीबाट पश्चिमतर्फ करिब २० किलोमिटरको दूरीमा पर्छ। मरिण गाउँपालिका-५ मा रहेको यस स्थल दृश्यावलोकनका लागि मात्र होइन, घुम्न आउने पर्यटकको मन लोभ्याउने गन्तव्यका रुपमा समेत चिनिन थालेको छ।

यता सुनकोशी गाउँपालिका-५, मुल्कोट क्षेत्र पछिल्लो समय पर्यटकीय हबका रुपमा स्थापित हुँदै गएको छ। यहाँ रिसोर्ट, रेष्टुरेन्ट, होटल र सुनकोशीमा ऱ्याफ्टिङ सुविधा उपलब्ध भएपछि मुल्कोट पर्यटकहरुको रोजाइमा पर्ने गरेको छ।

फिक्कल चुचुरो सिन्धुलीकै सर्वोच्च शिखर हो। यहाँ पनि पर्यटक मनोरम दृश्यावलोकनका लागि पुग्छन्। यहाँको सामुदायिक 'होमस्टे'मा बसेर स्थानीय संस्कृति र 'अर्ग्यानिक' परिकारको स्वाद लिन सकिन्छ। फिक्कल गाउँपालिकामा महादेवडाँडा, सुम्नाम पोखरी, खोलागाउँ, खाङसाङ, सोल्पाठाना र रत्नावतीबाट हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिन्छ।

भिमान, सिन्धुलीमाढी बजार, भद्रकाली, खुर्कोट र मुल्कोट क्षेत्रका होटल, रिसोर्टहरु गर्मीको मौसममा चलायमान देखिन्छन्। गर्मीयाममा तराईबाट घुम्न आउने पर्यटकको चहलपहलले व्यापार, व्यवसायमा नयाँ ऊर्जा थपेको स्थानीय व्यवसायी गुञ्जन तामाङले बताउनुभयो। उहाँका अनुसार जिल्लाको व्यापार व्यवसाय राजमार्गका यात्रु र तराईबाट घुम्न आउने पर्यटकका कारण चलायमान छन्।

गर्मीयाममा सिन्धुलीको शीतलतामा रमाउन आउने पर्यटक आगमनमा वृद्धि भएसँगै व्यापार र व्यवसाय फस्टाउन थालेको सिन्धुली उद्योग वाणिज्य सङ्घकी महिला सचिव सिर्जना श्रेष्ठको बुझाइ छ। तर, घुम्न आएका पर्यटकलाई दुई-चार दिन बस्न प्रेरित गर्ने पूर्वाधार र सुविधामा अझै सुधार आवश्यक रहेको उहाँको भनाइ थियो।

सरकारको प्रवर्द्धन र व्यवसायीकहरूको सक्रियताले जिल्लाको पर्यटकीय क्षेत्र अझ आकर्षक र व्यवस्थित बन्दै जाने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "सिन्धुलीलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पूर्वाधार सुधार, सेवासुविधा विस्तार र प्रचारप्रसारमा थप ध्यान दिन जरुरी छ। यसका लागि सबै पक्ष एकजुट भएर अगाडि बढ्न आवश्यक छ।"

सिन्धुलीको प्राकृतिक सौन्दर्य, धार्मिकस्थल, सांस्कृतिक सम्पदा, ऐतिहासिकस्थल, ग्रामीण जीवनशैली र बगरमा गरिएको खेतीका दृश्यले पर्यटकलाई आकर्षित गर्दछ। तर, पैदल मार्गहरू नियमित प्रयोगमा नआएपछि जङ्गलले ढाक्न थालेका छन्, गोलञ्जोर, फिक्कल र कमलामाईमा करोडौं खर्च गरेर बनेका भ्यू टावरहरू जीर्ण भइसकेका छन्। पुनःनिर्माण गरिएको ऐतिहासिक रानीदरबार उचित व्यवस्थापन नपाउँदा जीर्ण हुँदै गएको छ। पर्यटन प्रवर्द्धनका लागि केवल संरचना निर्माण पर्याप्त छैन। दीर्घकालीन संरक्षण, प्रभावकारी व्यवस्थापन र स्थानीय उत्पादन तथा सांस्कृतिक गतिविधिसँग जोड्नुपर्छ। यसरी गर्दा मात्र पर्यटकको बसाइ लामो हुनेछ र स्थानीय आम्दानी तथा रोजगारीमा पनि वृद्धि हुनेछ। सिन्धुलीमा गर्मीयाममा शीतलता, जाडोयाममा न्यानोपन, इतिहास, प्रकृति र सांस्कृतिक अनुपमको सङ्गम छ। यहाँ आउने जो-कोही पनि खाली हात फर्किँदैनन्, उनीहरू इतिहास, प्राकृतिक सौन्दर्य र स्मृतिको मीठो सँगालो लिएर फर्किन्छन्। राधिका बुढाथोकी/रासस

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## सातामा केवल चार दिन मात्र काम गर्ने चलन

# अनुसन्धानले देखायो धेरै फाइदा



जनकपुरधाम । सातामा पाँच दिन काम र त्यसपछि वीकएन्डको रमाइलो। तर अर्को हप्तादेखि फेरि कामकै पुरानो दुनियाँमा फर्किनुपर्ने अवस्था। के हुन्छ, यदि यस्तो गर्नुपर्ने अवस्था नै नआओस् भने?

नेचर ह्युमन बिहेवियर नामक जर्नलमा प्रकाशित एक महत्वपूर्ण अध्ययनले देखाएको छ कि कामकाजी हप्ता चार दिन मात्र गरिदिँदा मानिसहरूको स्वास्थ्यमा उल्लेखनीय सुधार भएको छ। यसले मानिसहरूको खुशी पनि बढाएको पाइएको छ।

बोस्टन कलेजका अनुसन्धानकर्ताहरूले अमेरिका, बेलायत, अष्ट्रेलिया, क्यानडा, आयरल्यान्ड र न्युजिल्यान्डका १४१ कम्पनीका कर्मचारीहरूबीच बर्नआउट, जागिरप्रतिको सन्तुष्टि, शारीरिक तथा मानसिक स्वास्थ्य जस्ता पक्षमा अध्ययन गरेका थिए।

यस अनुसन्धानकी प्रमुख लेखिका वेन फ्यानले बीबीसीलाई भनिन-

"हामीले कर्मचारीहरूमा स्पष्ट सुधार देख्यौं। कम्पनीहरूको उत्पादन र आम्दानी दुवै बढ्यो। यो ट्रायल अब सकिएको छ, तर सहभागी ९० प्रतिशत कम्पनीहरूले चार दिनको कार्यतालिका निरन्तर लागू गर्ने निर्णय गरेका छन्।"

यसअघि पनि कम कार्यदिवसले कर्मचारीमा सकारात्मक असर गर्ने भन्ने नतिजा आइसकेका थिए। बोस्टन कलेजको अनुसन्धानले ती पुरानै निष्कर्षलाई पुष्टि गरेको हो।

कम कार्यदिवसले स्वास्थ्यमा सुधार ल्याउँछ, जीवन सन्तुलित बनाउँछ र समग्रमा बढी सन्तुष्टि दिन्छ।

हालैको एक अध्ययनअनुसार, लामो समयसम्म निरन्तर काम गर्दा मानिसको मस्तिष्क संरचनामा नै परिवर्तन आउन सक्छ।

तर प्रश्न उठ्छ– जब कम कार्यदिवसका यति धेरै फाइदा छन् भने, किन हामी अझै पनि लामो समय काम गर्न बाध्य छौं?

***बढी काम गर्ने संस्कृति***

चीन आफ्नो '९९६' वर्क कल्चरका लागि चिनिन्छ, जसअनुसार कर्मचारी बिहान ९ बजेदेखि राति ९ बजेसम्म हप्तामा ६ दिन काम गर्छन्।

भारतको तीव्र गतिमा बढिरहेको प्रविधि र वित्त क्षेत्रका कर्मचारीहरू पनि विश्वव्यापी माग पूरा गर्न लामो र अनियमित घण्टासम्म काम गर्न बाध्य हुन्छन्।

प्रोफेसर वेन फ्यान भन्छन्-

"चीन, भारत, अमेरिका र बेलायत जस्ता मुलुकहरूमा लामो समय काम गर्नु गर्वको विषय मानिन्छ।"

जापानमा त बिना पैसा अतिरिक्त घण्टा काम गर्नु यति सामान्य छ कि त्यहाँ 'कामकै कारण मृत्यु'लाई करोशी भन्ने विशेष शब्द प्रचलनमा छ।

उनले थप्छिन- "जापानमा काम केवल काम मात्र होइन, यो सामाजिक संस्कार जस्तै हो।"

जापानी श्रमबजार र कार्यसंस्कृतिका विशेषज्ञ हिरोशो ओनो भन्छन-

"त्यहाँका मानिसहरू समयमा अघि कार्यालय पुग्छन् र अनावश्यक रूपमा ढिलोसम्म बस्छन्। चाहे काम होस् वा नहोस्, आफ्नो प्रतिबद्धता देखाउन यसरी बस्ने गरिन्छ। यो एउटा 'परफर्मिङ आर्ट' जस्तै हो, जहाँ निश्चित शैलीमा प्रस्तुत गरिनुपर्छ।"

उनले थप्छन- "जापानको सामूहिक संस्कृति यसलाई बढावा दिन्छ। यदि कसैले शुक्रबार बिदा लिन्छ भने अरूले सोच्छन्– 'यसलाई किन छुट्टी दिइयो?'"

रोचक कुरा के छ भने जापानमा कानुनी सुविधा भएर पनि धेरैले प्रयोग गर्दैनन्। उदाहरणका लागि, पुरुषले एक वर्षसम्मको पितृत्व बिदा पाउन सक्छन्, तर अत्यन्तै कमले मात्रै लिन्छन्, किनकि उनीहरू सहकर्मीलाई असुविधा दिन चाहँदैनन्।

तर पनि, प्रोफेसर फ्यानका अनुसार यो ट्रायलले देखाएको छ कि परम्परागत सोच भएका देशहरूमा पनि परिवर्तन देखा पर्न थालेको छ।

आइसल्यान्डमा अहिले करिब ९० प्रतिशत मानिसले कम घण्टा मात्र काम गर्छन्। उनीहरूलाई छोटो कार्यहप्ताको अधिकार छ।

यसैगरी दक्षिण अफ्रिका, ब्राजिल, फ्रान्स, स्पेन, डोमिनिकन रिपब्लिक र बोत्स्वानाजस्ता देशमा पनि यस्ता ट्रायल भइसकेका छन्।

यसै वर्षको सुरुवातमा टोकियोले सरकारी कर्मचारीहरूका लागि चार दिनको कार्यहप्ता परीक्षण सुरु गरेको थियो।

दुबईले पनि सरकारी कर्मचारीका लागि 'समर इनिसियटिभ' अन्तर्गत यस्तो कार्यक्रम सुरु गरेको छ।

आगामी अक्टोबर २०२५ देखि दक्षिण कोरियाका ६७ कम्पनीले चार दिन आधा कार्यहप्ता परीक्षण गर्नेछन्।

***काम र जीवनमा सन्तुलनको खोजी***

'फोर डे वीक ग्लोबल' की सीईओ क्यारेन लोवे भन्छिन-

"कोभिडपछि धेरैलाई लाग्न थालेको छ कि उनीहरूको काम र जीवनबीच सन्तुलन मिल्दैन। अब यो प्रवृत्ति उल्ट्याउन सकिँदैन।"

उनको संस्थाले ब्राजिलदेखि नामिबिया र जर्मनीसम्म विभिन्न देशका कम्पनीलाई चार दिनको कार्यहप्ता परीक्षणमा सहयोग पुऱ्याएको छ।

सबैभन्दा सफल उदाहरणमध्ये एक हो अमेरिका, कोलोराडोको 'सिटी अफ गोल्डन' को प्रहरी विभाग। २५० कर्मचारी भएको यस विभागले चार दिनको कार्यहप्ता लागू गरेपछि ओभरटाइम करिब ८० प्रतिशतले घट्यो र राजीनामाको संख्या आधा रह्यो।

लोवे भन्छिन-

"यदि यो मोडेल प्रहरी विभागमा काम गर्छ भने, जहाँ अफिसरहरूले गस्ती र आपत्कालीन अवस्था सामना गर्नुपर्छ, यो अन्यत्र पनि लागू गर्न सकिन्छ।"

उनले भनेकी छन-

"२०१९ मा जब पहिलो ट्रायल सुरु भएको थियो, केही कम्पनी मात्र इच्छुक थिए। तर अहिले हजारौं कम्पनीहरूले चासो देखाएका छन्। छोटो कार्यहप्ताका फाइदा प्रमाणसहित देखिएका छन्। समस्या भनेको केवल बुझाइमा हो।"

एक आम गलतफहमी के हो भने छोटो कार्यहप्ताले उत्पादकत्व घटाउँछ। तर धेरैजसो अवस्थामा यसको उल्टो नतिजा आएको छ।

२०१९ मा माइक्रोसफ्ट जापानले चार दिनको कार्यहप्ता ट्रायल गर्दा कर्मचारी प्रतिको बिक्री ४० प्रतिशत बढेको थियो। यद्यपि, कम्पनीले यसलाई स्थायी रूपमा लागू गरेन।

प्रोफेसर फ्यानको अध्ययनअनुसार, उत्पादकत्व यथावत रह्यो, किनकि कम्पनीहरूले कम मूल्यका काम घटाए। अनावश्यक बैठकलाई फोन वा सन्देशले प्रतिस्थापन गरियो।

***दक्षिण अफ्रिकाको सफल प्रयोग***

केपटाउनको स्टेलनबोस विश्वविद्यालयको काउन्सलिङ सेन्टरका निर्देशक चार्ल डेभिड्सका लागि चार दिनको कार्यहप्ता एउटा जीवनरेखा नै थियो।

उनको टिमले ३० हजारभन्दा बढी विद्यार्थीलाई मानसिक स्वास्थ्य सहायता दिन्थ्यो। तर परिवर्तन अघि धेरै कर्मचारी बर्नआउट का शिकार थिए।

डेभिड्स भन्छन-

"अत्यधिक अनुपस्थितिको समस्या थियो। धेरैजसोले निरन्तर बिरामी भनेर बिदा लिने गर्थे। यो आलस्य होइन, उनीहरू 'सर्भाइवल मोड' मा थिए। ऊर्जा सकिएको थियो।"

दक्षिण अफ्रिकामा मानसिक स्वास्थ्य समस्या अत्यधिक छ। ५६ सदस्यीय उनको टिम पनि निरन्तर ट्रमा, वर्कलोड र सीमित स्रोतका कारण थाकिसकेको थियो।

वरिष्ठ नेतृत्वको विरोध र टिमकै शंका हुँदाहुँदै पनि उनले चार दिनको कार्यहप्ता सुरु गरे।

उनले भने- "सबैलाई लाग्थ्यो यो असफल हुन्छ। तर परिणाम अद्भुत रह्यो।"

ट्रायलअघि कर्मचारीहरूले वर्षमा ५१ पटक बिरामी बिदा लिएका थिए। चार दिनको कार्यहप्ता लागू भएपछि यो घटेर ४ मा झऱ्यो।

कर्मचारीहरूले राम्रो निद्रा, बढी व्यायाम र आफ्ना शौक पुरा गर्ने अवसर पाएको बताए। वीकएन्ड परिवारसँग बिताउने संस्कृति बढ्यो।

चार्ल भन्छन- "मलाई लाग्थ्यो, अतिरिक्त समय निजी प्र्याक्टिसमा लगाएर थप आम्दानी गर्नेछन्। तर केवल एक जनाले मात्र त्यस्तो गरे।"

उनको निष्कर्ष- कर्मचारीहरूको राम्रो स्वास्थ्यले उनीहरूलाई अझ सक्षम बनायो। उनीहरूको ध्यान बढ्यो, संवेदनशीलता बढ्यो र विद्यार्थीलाई अझ राम्रो सहयोग गर्न थाले।

***एकै सूत्रीय समाधान होइन***

प्रोफेसर फ्यान भन्छन-

"तर यस्तो परिवर्तन सबै ठाउँमा सम्भव हुँदैन। कुनै देशको औद्योगिक संरचना र विकास स्तरले यसमा फरक पार्छ।"

क्यारेन लोवे भन्छिन-

"अफ्रिकामा धेरै मानिस कृषि, खानी वा असंगठित क्षेत्रमा काम गर्छन्। उनीहरू अझै लचकदार कार्यसमयको बहसभन्दा टाढा छन्।"

कम सीप भएका, शारीरिक श्रममा आधारित कामलाई पुन:संरचना गर्नु कठिन छ। यी क्षेत्रमा नियोक्ताले समय तालिका मिलाउनेभन्दा बढी नाफा कमाउनेतिर ध्यान दिन्छन्।

तर पनि केही प्रगति भएको छ। प्रोफेसर फ्यानको अध्ययनमा निर्माण, उत्पादन र आतिथ्य क्षेत्रका कम्पनीहरू पनि सामेल थिए। केहीले सफलतापूर्वक छोटो कार्यहप्ता लागू गरेका थिए।

उनले भने-

"यो विभिन्न क्षेत्रमा सम्भव छ तर म चार दिनको कार्यहप्तालाई कुनै जादुई समाधान भनेर प्रस्तुत गर्न चाहन्नँ। यो सबै ठाउँमा लागु हुने सूत्र होइन।"

***युवा पुस्ताको प्रभाव***

विशेषज्ञहरू भन्छन्- यो परिवर्तनलाई अगाडि बढाउने सबैभन्दा ठूलो शक्ति युवा पुस्ता हुनेछ।

२०२५ को एक विश्वव्यापी सर्वेक्षणमा पहिलो पटक वर्क-लाइफ ब्यालेन्स लाई तलब भन्दा पनि बढी महत्वपूर्ण ठानियो।

दक्षिण कोरियाका धेरै युवा कर्मचारीहरू भन्छन्- उनीहरू कम तलब खान पनि तयार छन्, यदि साप्ताहिक कार्यदिवस घटाइएमा।

प्रोफेसर फ्यान भन्छन-

"कामको उद्देश्य र जीवनप्रतिको अपेक्षामा युवा पुस्ताको सोच मौलिक रूपमा फरक छ।"

कोभिडपछि देखा परेका ग्रेट रिजाइनेशन (ठूलो संख्यामा जागिर छोड्ने) र क्वाएट क्विटिङ (केवल आवश्यक काम गर्ने) जस्ता घटनाहरू, र चीनमा ल्याइङ फ्ल्याट (अत्यधिक कामको संस्कृतिलाई अस्वीकार गर्ने) आन्दोलनहरूले देखाउँछन् कि युवा पुस्ता नयाँ तरिकाले असन्तुष्टि व्यक्त गर्न थालेका छन्।

समयसँगै यी आन्दोलनहरूले कार्यसंस्कृतिमा ठूलो परिवर्तन ल्याउन सक्छन्।

जापानमा विशेषज्ञ हिरोशी ओनो भन्छन-

"अहिले ३० प्रतिशत जापानी पुरुषले पितृत्व बिदा लिने गरेका छन्, जुन पहिले कहिल्यै सम्भव थिएन।"

उनको भनाइमा- "यसले देखाउँछ कि मानिसहरूले आफ्नो भलाइलाई प्राथमिकता दिन थालेका छन्।"

क्यारेन लोवे पनि सहमत छन्। उनी भन्छिन-

"पहिलो पटक कर्मचारीहरूले वास्तविक रूपमा प्रतिवाद गर्न थालेका छन्। युवा पुस्ताले अझ प्रचण्ड रूपमा परिवर्तनको माग गरिरहेका छन्।"

उनको विश्वास छ कि यो माग अब वेग लिँदैछ।

"कोभिड पहिलो टर्निङ पोइन्ट थियो। अब अर्को टर्निङ पोइन्ट चार दिनको कार्यहप्ता हुनेछ।"

*बीबीसीका लागि कलेक्टिभ न्युज रुम द्वारा प्रकाशित*

# जनकपुरधामको न्युरो अस्पतालमाथि लापरबाही र पैसा कमाउने आरोप




दैनिक समाचारदाता
जनकपुरधाम, ३ भदौ । जनकपुरधामस्थित न्युरो अस्पतालमाथि पीडित परिवारहरूले लापरबाहीपूर्ण उपचार र पैसा कमाउने धन्धा गरेको गम्भीर आरोप लगाएका छन्। मोटरसाइकल दुर्घटनामा सामान्य घाइते भएका आयुष साहको मृत्यु न्युरो अस्पतालकै कारण भएको भन्दै उनका पिता शम्भु साहले मंगलबार पत्रकार सम्मेलनमा अस्पताललाई जिम्मेवार ठहर गरे। उनले अस्पतालले अनावश्यक शल्यक्रिया गरी छोरोको अवस्था झन् बिगारेको र दुई महिनासम्म ढुक्क पारेर राखेपछि मात्र काठमाण्डु रेफर गर्दा ज्यान गुमाएको बताए।

सोही दुर्घटनामा घाइते महेश यादवको परिवारले पनि अस्पतालले अनुचित उपचार गर्दा मृत्यु भएको दाबी गरेको छ। खुटामा मात्रै चोट लागेका यादवलाई शल्यक्रिया गरेर झन् जोखिममा पारिएको उनीहरूको आरोप छ।

यस्तै, अर्को दुर्घटनामा घाइते रन्जित रामको उपचारमा पनि अस्पतालको लापरबाही भएको परिवारले आरोप लगाएका छन्। सामान्य उपचार पर्याप्त हुने अवस्थामा पनि अनावश्यक शल्यक्रियाले एक महिनाभन्दा बढी अस्पतालमा राखी करिब १६ लाख रुपैयाँ खर्च गराइएपछि काठमाण्डु रेफर गर्दा उनको पनि मृत्यु भएको बताइएको छ।पीडित परिवारले न्युरो अस्पतालले पैसा कमाउने नाममा बिरामीको जीवनसँग खेलबाड गरेको भन्दै अस्पताल बन्द गरिनुपर्ने माग गरेका छन्। यसबारे जिल्ला प्रहरी कार्यालय धनुषामा औपचारिक उजुरी दिने तयारी भइरहेको उनीहरूले बताएका छन्।

# टप टी-२० सिरिज: नेपालको पहिलो जित

दैनिक समाचारदाता
काठमाडौँ, ३ भदौ । अस्ट्रेलियामा जारी टप इन्ड टी-२० सिरिजमा नेपालले पहिलो जित दर्ता गरेको छ । मङ्गलबार भएको चौथो खेलमा नेपालले होबार्ट हरिकेन्सलाई ६६ रनले हराएको हो ।



टस जितेर सुरुमा ब्याटिङ गरेको नेपालले दिएको १८१ रनको चुनौती पछ्याएको हरिकेन्स १६.१ ओभरमा सबै विकेट गुमाउँदै ११४ रनमा समेटिएको हो । नेपालको जितमा नन्दन यादव नायक बन्नुभयो । तीन ओभर बलिङ गर्नुभएका नन्दनले १७ रन दिएर पाँच विकेट हात पार्नुभएको हो ।

यसअघि टस जितेर सुरुमा ब्याटिङ गरेको नेपालका लागि आरिफ शेखले सर्वाधिक ३३ रन बनाउनुहुँदा आशिफ शेखले २९ रन जोड्नुभयो। कुशल भुर्तेलले २७ रन बनाउँदा नेपालका लागि लोकेश बमले नटआउट विस्फोटक ब्याटिङ गर्दै ११ बलमा २५ रन जोड्नुभयो। भीम सार्कीले १८ रन जोड्नुभयो भने अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। नेपालले पूरै २० ओभर खेल्दै सात विकेटको क्षतिमा १८० रन बनाएको हो। नेपाललाई सस्तैमा रोक्न हरिकेन्सका लागि निवेथान राधाकृष्णन र राफ म्याकमिलनले दुई, दुई विकेट लिनुभयो।

१८१ रनको लक्ष्य पछ्याएको हरिकेन्सका लागि ब्राडली होपले ३१, चार्ली वाकिम २८ र ज्याक कर्टेन २१ रन जोड्नुबाहेक अन्य ब्याट्सम्यानले टिकेर खेल्न सकेनन्।

होबार्टविरुद्ध कसिलो बलिङ गरेको नेपालका लागि नन्दन यादवले पाँच विकेट लिँदा कप्तान रोहित पौडेल, सन्दीप लामिछाने, कुशल भुर्तेल र रिजन ढकालले एक, एक विकेट हात पार्नुभयो।

नेपालले यसअघि तीन खेलमा लगातार पराजयको सामना गरेको थियो पहिलो खेलमा अस्ट्रेलियाको नर्दन टेरिटोरी स्ट्राइकरसँग ४२ रनले पराजित भएको नेपाल दोस्रो खेलमा बङ्गलादेश 'ए'सँग ३२ रनले पराजित हुँदा तेस्रो खेलमा मेलबर्न स्टार्स एकेडेमीसँग ३१ रनले पराजित भएको थियो। यो जितसँगै सिरिजमा नेपालले दुई अङ्क जोडेको छ।

# कार्यवाहक मेयरकी छोराविरुद्ध पक्राउ पुर्जी जारी

दैनिक समाचारदाता
रौतहट, ३ भदौ । फतुवा विजयपुर नगरपालिकामा भएको अनियमितता र भ्रष्टाचारबारे समाचार लेख्ने पत्रकारमाथि दुर्व्यवहार गर्ने आरोपमा कार्यवाहक मेयर अम्बेया खातुनका छोरा मोहम्मद सनाउल्लाहविरुद्ध जिल्ला अदालत रौतहटले पक्राउ पुर्जी जारी गरेको छ ।

इलाका प्रहरी कार्यालय विजयपुरको अनुरोधमा अदालतले सोमबार पक्राउ आदेश दिएको प्रहरी इन्स्पेक्टर सुरेन्द्र यादवले जानकारी दिनुभयो । पत्रकार कृष्ण तिवारीमाथि साउन ३० गते नगरसभा कार्यक्रममा सहभागी हुन जाने क्रममा सन्तपुर चौक नजिकै सनाउल्लाहले रोकी दुर्व्यवहार गरेको आरोप छ ।

पीडित तिवारीले जाहेरी दिएपछि रौतहट प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीको निर्देशनमा घटनाको अनुसन्धान गरिएको थियो । सोही आधारमा आइतबार नै सनाउल्लाहमाथि अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता भएको छ । हाल उनलाई पक्राउ गर्न छुट्टै प्रहरी टोली परिचालन गरिएको इलाका प्रहरी कार्यालय विजयपुरले जनाएको छ ।

महालेखा परीक्षकको प्रतिवेदनले नगरपालिकामा इन्धन र यातायात खर्चमा अनियमितता भएको खुलाएको थियो । त्यही प्रतिवेदनकै आधारमा पत्रकार तिवारीले समाचार सार्वजनिक गरेका थिए । तर समाचार बाहिरिएलगत्तै उपमेयर खातुनका छोराले पत्रकारमाथि दुर्व्यवहार गरेको भन्दै चौतर्फी आलोचना भइरहेको छ ।

२०७९ सालको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट गोपाल प्रसाद यादव मेयर र अम्बेया खातुन उपमेयर निर्वाचित भएका थिए । तर मेयर यादव विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा दोषी ठहरिएपछि खातुन कार्यवाहक बनेकी थिइन् । त्यसयता नगरपालिकामा उनका श्रीमान् महमद सेराज र छोरा सनाउल्लाहको हस्तक्षेप बढेको भन्दै स्थानीयवासी र जनप्रतिनिधि स्वयं असन्तुष्ट हुँदै आएका छन् ।

# किसानहरूलाई राहत दिन छलफल

दैनिक समाचारदाता
जनकपुरधाम ३ भदौ । नेपाल सरकारले मधेशमा पर्याप्त पानी नपरेको भन्दै सङ्कटग्रस्त प्रदेश घोषणा गरेपछि सङ्घीय कृषि तथा पशुपक्षी विकास मन्त्री रामनाथ अधिकारीको नेतृत्वमा रहेको संसदीय टोलीले मधेश प्रदेश सरकारसँग आज छलफल गरेको छ । मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा आयोजित छलफलमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्री, मधेश प्रदेश सरकारका कृषि सचिव डा. उमेश दाहाल सहितका उच्च अधिकारीहरू सहभागी हुनुहुन्थ्यो ।

कृषि मन्त्रीको टोलीमा सङ्घीय संसद्का सदस्यहरू रामकृष्ण यादव, देव प्रसाद तिम्सिना, हरि प्रसाद उप्रेती र अमनलाल मोदी सहभागी हुनुहुन्थ्यो ।

कार्यक्रममा कृषि तथा पशुपक्षी विकास मन्त्री रामनाथ अधिकारीले मधेश प्रदेश सरकारले सुख्खाग्रस्त क्षेत्र घोषणा गरेपछि सङ्घीय सरकारले पनि मधेश प्रदेशलाई सङ्कटग्रस्त प्रदेश घोषणा गरेकाले मधेशको वास्तविक अवस्था बुझ्नका लागि आफूहरू आएको बताउनुभयो । कृषि मन्त्री अधिकारीले नेपाल सरकारले मलको सहज आपूर्तिका लागि खरिद गरेको अनुदानको रासायनिक मल वास्तविक किसानको हातमा पुऱ्याउनका लागि विशेष सजगता अपनाउन प्रदेश सरकारसँग आग्रह गर्नुभयो ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सङ्घीय सरकारले खडेरीको मारमा परेका मधेशका किसानलाई उचित राहत दिन चाँडो भन्दा चाँडो राहत प्याकेज घोषणा गर्न आग्रह गर्नुभयो । उहाँले उखुमा किसानलाई दिँदै आएको अनुदानलाई निरन्तरता दिन र रासायनिक मलको सहज आपूर्तिको व्यवस्था मिलाउन आग्रह गर्नुभयो । कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहालले मधेशको समग्र कृषि तथा पशुपक्षी पालनको अवस्थाका विषयमा जानकारी दिनुभएको थियो । मन्त्री अधिकारी सहितको टोलीले धनुषाको बनिनिया स्थित धानबाली अनुसन्धान केन्द्र तथा नक्टाझिझ स्थित कृषि फर्मको स्थलगत अनुगमन पनि गरेको थियो ।

# मेटाले भन्यो-'नेपालको संविधान मान्दैनौँ'

दैनिक समाचारदाता
काठमाडौँ ३ भदौ । सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारका आलोचक तथा व्यवस्था विरोधीको मुख थुन्ने उद्देश्यले सामाजिक सञ्जालसम्बन्धी विधेयक नल्याइएको स्पष्ट पारेका छन् ।

राष्ट्रिय सभाको मंगलबारको बैठकमा विधेयकमाथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री गुरुङले यस्तो बताएका हुन् । उनले मुलुकमा डिजिटल प्लेटफर्महरूको बढ्दो प्रभावलाई नियमन गर्नको लागि विधेयक ल्याइएको बताए ।

सामाजिक सञ्जालको माध्यमबाट मुलुकमा अशान्ति फैल्याउने तथा राष्ट्र हित विरोधी गतिविधिहरूलाई नियन्त्रण गर्नको लागि सरकारले विधेयक अघि सारेको जिकिर गरे । मन्त्री गुरुङले सामाजिक सञ्जाल फेसबुकको माउ संस्था मेटालाई नेपालमा दर्ता हुन पटक-पटक आग्रह गर्दा समेत बेवास्ता गरेको बताए । उनले मेटाले नेपालको संविधान र कानुन नमान्ने जवाफ फर्काएको समेत खुलासा गरे ।

उनले नेपालमा सञ्चालन हुनको लागि सबै प्लेटफर्महरू कानुनी दायमा आउनुपर्ने जिकिर गर्दै सोही प्रावधान लागू गर्न विधेयक महत्त्वपूर्ण साबित हुने बताए ।

उनले भने,'डिजिटल प्लेटफर्महरूको प्रभाव हाम्रो मुलुकमा धेरै छ । तिनीहरूलाई हामीले तीन पटक भन्यौँ दर्ता हुन आऊ भनेर । उनीहरूको प्लेटफर्ममा आएका कुराहरूको फिल्टर गरेर सरकारले करेक्सन गर्न सकोस् भनेर हामीले हामीले पटक पटक ताकेता गरेका छौँ । अशान्तिको पक्षमा, हाम्रो देशको विरुद्धमा वा लोकतन्त्रको विरुद्धमा छ भने कन्टेन्टहरूलाई करेक्सन गर्नको लागि भनेका हौँ । तर अहँ अहिलेसम्म आएको छैन । हिजो मात्रै सम्मानित सर्वोच्च अदालतले भन्यो- तिनीहरूलाई तुरुन्त नियमन गर । त्यसरी चल्नेहरूलाई बन्द गर पनि भन्यो । त्यसकारण बन्द गर्नुभन्दा पनि ती सामाजिक सञ्जालहरूलाई नियमन कसरी गर्ने ? सञ्जाल कसरी गर्ने र प्रयोग कसरी गर्ने भनेर ? भनेर व्यवस्था गर्नको विधेयक ल्याइएको हो । प्रतिपक्षीको आँखाले हेरेको छ यो चाहिँ सरकारले नियन्त्रण गर्नको लागि ल्याएको हो जस्तो कुराहरू मात्र गर्नुहुन्छ । आलोचकलाई नियन्त्रण गर्न सकियो भने तपाईंहरूलाई डर छ । डर नमान्नु होला । सरकारका आलोचक, विरोधी तथा व्यवस्था विरोधीहरूको मुख थुन्न ल्याइएको हैन । मेटालाई हामीले दर्ता हुन आउन भन्यौँ । उसले भन्छ, तेरो संविधानलाई पनि मान्दैनौँ, कानुनलाई पनि मान्दैनौँ भन्यो । किनभने हाम्रो खुट्टी उनीहरुले देखेका छन् ।'

सामाजिक सञ्जालको प्रयोगलाई सुरक्षित र उत्तरदायी बनाउने उद्देश्यले विधेयक ल्याइएको दोहोऱ्याउँदै उनले प्रतिपक्षीको आँखाबाट नहेर्न समेत आग्रह गरे ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४